# वीरेन्द्रनगर नगरपालीका

## नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

सेवा करारमा कर्मचारी माग गरिएको सुचना

प्रथम पटक प्रकाशित मिति : २०७९।०४।२३

प्रस्तुत बिषयमा यस नगरपालिका र दि एशिया फाउन्डेसन नेपाल विच भएको सम्झौता अनुसार स्थानीय शासन सबलीकरण तथा सिमान्तीकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रमको लागि प्रशिक्षार्थि (Fellow) पद माग संख्या १ को लागि मिति २०७९।०४।२९ गते सम्म दि एशिया फाउन्डेसन नेपालको इमेल ठेगाना **nepal.fellowship@asiafoundation.org** मा आवेदन गर्नहुन यस कार्यालयको मिति २०७९।०४।२२ गतेको निर्णय अनुसार यो सुचना प्रकाशित गरिएको छ । साथै विज्ञापनको विस्तृत विवरण, दि एशिया फाउन्डेसन नेपालले प्रकाशित गरेको विस्तृत सूचना, यस कार्यालय र दि एशिया फाउन्डेसन नेपालको वेभसाइट मार्फत प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# सुचना !     सुचना !     सुचना !

## नगरपालिकामा प्रशिक्षार्थी (Program Fellow)को आवेदनका लागि सूचना

### कार्यक्रमको परिचय

अष्ट्रेलियन सरकार, बैदेशिक मामिला तथा व्यापार विभाग र द एशिया फाउण्डेसनको साझेदारीमा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रमको पहिलो चरण सफलता पूर्वक सम्पन्न भएसँगै अप्रिल २०२२ देखी दोश्रो चरणको कार्यक्रम संचालन भएको छ । यस अवधिमा कार्यक्रमबाट पहिलो चरणमा थालनी भएका स्थानीय शासन सबलीकरणका कार्यहरु निरन्तर गर्दै दीगो, प्रभावकारी र समावेशी संघीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न सहयोग अवसर प्राप्त हुने विश्वास लिएको छ । यस कार्यक्रमको मूलभुत उद्देश्य कोभिड १९ बाट सिर्जित असरलाई सम्वोधन गर्न स्थानीय जनस्वास्थ्य प्रणालीको सुदृढीकरण, आर्थिक पुनरुत्थान र सरकारबाट प्रवाह हुने सेवाको सुधारमा सहजीकरण गर्नुका साथै नेपालमा सवल, प्रभावकारी र समावेशी स्थानीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न योगदान पुऱ्याउनु रहेको छ ।

कार्यक्रमको एक महत्वपूर्ण उद्देश्यकको रुपमा लैंगिक समानता, सामाजिक समावेशीकरण र अपांगता भएका व्यक्ति लगायत अति विपन्न र सीमान्तकृत समुदायको वृहत्तर हितमा योगदान पुऱ्याउने रहेको छ । उल्लिखित उद्देश्य हासिल गर्न साझेदार नगरपालिकाहरुसँगको समन्वयमा तत् तत् नगरपालिकामा स्थानीय सरकार सवलीकरण तथा सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम सञ्चालन गर्ने उद्देश्य लिइएकोछ । यस प्रशिक्षार्थी अवसर कार्यक्रमबाट साझेदार नगरपालिकाका काममा संलग्न भई सिक्ने र नगरपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा आवश्यक सहयोग गर्ने अवसर प्राप्त हुने विश्वास कार्यक्रमले लिएको छ ।

### प्रशिक्षार्थी आवद्ध हुने स्थानीय तह

दमक-झापा, मिथिला- धनुषा, भीमेश्वर-दोलखा, वालिङ-स्याङ्जा, तानसेन- पाल्पा, वीरेन्द्रनगर- सुर्खेत र टीकापुर-कैलाली

### आवश्यक प्रशिक्षार्थी संख्या

प्रत्येक नगरपालिकाका लागि एक एक जना प्रशिक्षार्थीको कार्यस्थान प्रशिक्षार्थीले न्यूनतम ८० प्रतिशत समय सम्वन्धित नगरपालिकामा रही कार्य गर्नुपर्नेछ । सम्बन्धित नगरपालिकाले (फिल्ड संयोजक तथा नगरपालिकाका सम्पर्क अधिकृतबीचको समन्वयमा नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसंग परामर्श गरी) प्रशिक्षार्थीलाई वडा, समुदाय तथा टोल तहका कार्यक्रममा खटाउन सक्नेछ । फाउण्डेसनले आवश्यकता अनुसार नगरपालिका क्षेत्र वाहिर सञ्चालन हुने तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यमा लगाउन सक्नेछ ।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

**प्रशिक्षार्थीको भूमिका तथा मुख्य जिम्मेबारीहरु**

प्रशिक्षार्थीको मुख्य मुख्य भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ:

१. नगरपालिका तथा द एशिया फाउण्डेसनबाट सेवा प्रवेश लगत्तै तथा समय समयमा आयोजना गर्ने स्थानीय शासन र विकास प्रशासन सम्बन्धी ज्ञान तथा सीपमूलक विभिन्न तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यक्रममा सक्रियतापूर्व भाग लिने,

२. नगरपालिका र फाउण्डेसनबाट सञ्चालित कार्यक्रमका लागि आवश्यक सूचना तथा तथ्यांकको संकलन विश्लेषण गरी प्रतिवेदन गर्ने,

३. नगरपालिका तथा फाण्डेसनबाट समय समयमा तोकिएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन लेखन गर्ने ।

४. नगरपालिका र फाउण्डेसनले तोकेका विषयक्षेत्रमा संलग्न भई कार्यक्रम कार्यान्वयनमा सहजीकरण कार्य गर्ने ।

**समन्वयमा रही कार्य गर्ने**

प्रशिक्षार्थीले नगरपालिकाले तोकेको सम्पर्क अधिकारी र द एशिया फाउण्डेसनका फिल्ड संयोजकको प्रत्यक्ष सुपरिवेक्षणमा रही कार्य गर्नुपर्नेछ । प्रशिक्षार्थीले फाउण्डेसनका पदाधिकारी तथा कर्मचारीहरुको सामान्य रेखदेख, समन्वय र सहजीकरणमा रहनुपर्नेछ ।

**प्रशिक्षार्थीलाई प्राप्त हुने सेवा सुविधा**

प्रशिक्षार्थीलाई द एशिया फाउण्डेसनको नियमानुसार प्रशिक्षण अवधिभरको तोकिएको न्यूनतम सेवा सुविधा उपलब्ध हुनेछ ।

**प्रशिक्षार्थी कायम रहने अवधि**

प्रशिक्षार्थी कायम रहने अवधि नियुक्ती भएको मितिदेखी एक वर्षसम्म हुनेछ ।

**शुल्क नलाग्ने**

आवेदन दिँदा कुनै शूल्क लाग्नेछैन ।

**आवेदन दिनका लागि न्यूनतम शैक्षिक योग्यता**

स्नातक तह उत्तीर्ण भएको वा स्नातक तह अन्तिम बर्षको परीक्षा दिई परीक्षा नतिजा प्रकाशित नभएका व्यक्तिले प्रशिक्षार्थीको आवेदन दिन सक्नेछन । आवेदन दिन कार्य अनुभव नचाहिने: आवेदन दिनका लागि प्रशिक्षार्थी वा कुनै काम गरेको अनुभव चाहिने छैन ।

**आवेदन दिँदा इमेलसँगै पेश गर्नुपर्ने कागजातहरु**

आवेदकले प्रशिक्षार्थीको लागि आवेदन बुझाउँदा देहायका कागजातहरु संलग्न गरी पेश राख्नुपर्नेछ ।

**१. निवेदन:** प्रशिक्षार्थीको अवसर प्राप्त गर्न किन आफू उपयुक्त छु ? प्रशिक्षार्थी कार्यक्रमबाट के अपेक्षा गरेको छु भन्ने विषय समेत समेटीएको निवेदनपत्र (सम्भव भए आवेदकको वायोडाटा समेत संलग्न राखेको)

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner

२. **शैक्षिक प्रमाणपत्र:** स्नातक उत्तीर्ण भएको शैक्षिक प्रमाणपत्र वा स्नातक तहको परीक्षामा संलग्न भएको खुल्ने प्रमाणपत्र

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

४. अपाङ्गता भएका व्यक्तिको हकमा सोको प्रमाणपत्र,

**छनौट विधि**

आवेदकहरु मध्येबाट प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई अन्तरवार्तामा बोलाइनेछ ।

**कुन नगरपालिकाका लागि आवेदन गरेको हो खुलाई पठाउनु पर्ने**

आवेदन दिँदा कुन नगरपालिकाका लागि आवेदन गरेको स्पष्ट उल्लेख गरी पठाउनु पर्नेछ ।

**आवेदन पठाउने इमेल ठेगाना**

nepal.fellowship@asiafoundation.org

**आवेदन पठाइसक्नुपर्ने अन्तिम मिति**

२०७९ साल श्रावण २९ गते भित्र

द एशिया फाउण्डेसन सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताप्रति प्रतिबद्ध रहेको छ। यस प्रशिक्षार्थी अवसर कार्यक्रममा साझेदार नगरपालिका र सम्बन्धित जिल्लाभित्रका अपाङ्गता भएका व्यक्ति (महिला तथा पुरुष) र अति विपन्न तथा सीमान्तकृत समुदाय र दलित समुदायका महिलाहरुबाट प्राप्त आवेदन मात्र ग्राह्य हुनेछ। सीमान्तकृत समुदायका व्यक्तिको आवेदन मात्र ग्राह्य हुनेछ।

वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेत, कर्णाली प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत